# व्यवसाय संवर्द्धन सेवा (Business Incubation Services)
# सञ्चालन तथा व्यवस्थापनका लागि
# साझेदार संस्थाका लागि प्रस्ताव आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मितिः२०८२/०९/११

आ.व. २०८२/८३ मा व्यवसाय संवर्द्धन सेवा सञ्चालन तथा व्यवस्थापनका लागि साझेदारको रूपमा कार्य गर्न सरकारी, प्राज्ञिक (विश्वविद्यालय) र निजी क्षेत्रका संघसंस्थाहरूलाई व्यवसाय संवर्धन सेवा संचालन तथा व्यवस्थापन कार्यविधि,२०८२ को दफा ७ बमोजिमका कागजातहरू संलग्न गरी पन्ध्र दिनभित्र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमा अनुसूची-२ भरी आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्ताव पेश गर्दा अनुसूची-२ सँग संलग्न गर्नुपर्ने आवश्यक कागजातहरूः**

(क) संस्था दर्ता प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि,
(ख) संस्थाको विधान वा प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि,
(ग) स्थायी लेखा नम्बरको प्रमाणपत्र र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) अनुसूची-३ बमोजिमको कबुलियतनामा,
(ङ) कार्यविधिको दफा ३ को उपदफा (४) बमोजिम केन्द्रको विवरण,
(च) व्यवसाय संवर्द्धन सेवा सञ्चालनको लागि ३ पेजमा नबढ्ने गरी व्यवसायिक प्रस्ताव,

**नोटः** प्रस्ताव प्रतिष्ठानको ईमेलः **program@iedi.gov.np** मा पठाउन सकिनेछ। प्रस्तावको ढाँचा तथा विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइटः **https://iedi.gov.np** मा राखिएको छ। भौतिक रुपमा प्रस्ताव पेश गर्न चाहनेले प्रतिष्ठानको कार्यालय, त्रिपुरेश्वरमा दर्ता गराउन सकिनेछ।

म्यादभित्र दर्ता हुन नआएका आवेदनहरूलाई मूल्याङ्कनमा समावेश गरिने छैन।


**औद्योगिक व्यवसाय विकास प्रतिष्ठान**
**(An ISO 9001:2015 Certified Institution)**
त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९७७-१-५३६१३३९, ५३६१४६९
**https://iedi.gov.np**